नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An Undertaking of Government of Nepal)

पत्र संख्या :फुकुवा/०८३/८४

चलानी नं.७३७

मिति : २०८३/०६/२९

श्री विन्ध्यबासीनी हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड (BHDC)
नयाँ बानेश्वर, काठमाडौं ।

विषय : धितोपत्रको कारोबार फुकुवा गरिएको सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस लिमिटेडमा सूचीकृत विन्ध्यबासीनी हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेडको च.नं.०२५/०८३/८४, मिति २०८३/०६/२८ गतेको पत्र प्राप्त भयो । त्यस कम्पनीले मिति २०८३/०६/२६ गते दिउसो ३:३० बजे सञ्चालक समितिको बैठक बसी आफ्ना शेयरधनीलाई आ.व. २०८२/८३ को लागि लाभांश दिने सम्बन्धी प्रस्ताव गरेको जानकारी यस स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८३/०६/२७ गते बेलुका ५:५९ बजे NOTS मार्फत जानकारी गराएको सम्वन्धमा कम्पनीले आफ्नो लिखित जवाफ मार्फत सञ्चालक समितिको बैठक मिति २०८३/०६/२७ गते दिउसो ३:३० बजे बसेको हुनु पर्नेमा मानविय त्रुटीका कारण मिति अन्यथा हुन गएको भनी सञ्चालक समितिको निर्णय माइन्यूटको प्रमाणित प्रतिलिपि सहितको पत्र नेप्सेमा पेश गरेको हुँदा अब उप्रान्त धितोपत्र सूचीकरण विनियमावली, २०७५ र सुचीकरण सम्बन्धी सम्झौताका शतहरुको पूर्णपालना गर्न कम्पनीलाई सचेत गराउदै रोक्का रहेको धितोपत्रको कारोबार फुकुवा गरिएको व्यहोरा निर्णयानुसार जानकारीका लागि अनुरोध छ ।

संलग्न :

१. कम्पनीको मिति २०८३/०६/२७ गते दिउँसो ३:३० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णयमाइन्यूटको प्रतिलिपि पाना संख्या ३ ।

बोधार्थ :

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं ।

श्रीमान् प्रमुख कार्यकारी अधिकृतज्यूको सचिवालय, नेप्से ।

भवदीय:
नबराज थापा
का.मु. वरिष्ठ अधिकृत

पो. ब. नं. १५५०, युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ, नेपाल
(P. O. Box 1550, UNI Shantimarg, Bhadrakali, Kathmandu, Nepal)
Tel.: 5350755–59, 5350734–35 Fax: 5362538/Toll Free No. : 16600125025
website : www.nepalstock.com/ www.nepalstock.com.np
email : info@nepalstock.com
यस लि. को साविकको नाम : नेपाल धितोपत्र विनिमय बजार लि.

**विन्ध्यबासीनि हाइड्रोपावर डेभेलपमेण्ट कम्पनी लि. को सञ्चालक समितिको बैठक**

विन्ध्यबासीनि हाइड्रोपावर डेभेलपमेण्ट कम्पनी लि. सञ्चालक समितिको वैठक समितिका अध्यक्ष श्री सुदिप आचार्यको अध्यक्षतामा निम्नलिखित स्थान, मिति र समयमा बसी बस्यो ।

**कार्यक्रमः**

मिति २०८३।०६।२७

समयः दिनको ३:३० बजे

स्थानः कम्पनीको कार्यालय, नयाँवानेश्वर, काठमाडौं ।

**उपस्थिति :**

| | | |
|---|---|---|
| (१) | श्री सुदिप आचार्य | अध्यक्ष |
| (२) | श्री धन कुमारी अधिकारी | सञ्चालक |
| (३) | श्री तम प्रसाद गुरुङ्ग | सञ्चालक |
| (४) | श्री ओम प्रसाद गुरुङ्ग | सञ्चालक |
| (५) | श्री कुशल सुन्दर श्रेष्ठ | सञ्चालक |
| (६) | श्री सुशिल खड्का | स्वतन्त्र सञ्चालक |
| (७) | श्री सतिश शर्मा | स्वतन्त्र सञ्चालक |
| (८) | श्री पूजा चन्द | कम्पनी सचिव |
| (९) | श्री कृष्ण प्रसाद आचार्य | आमन्त्रीत, संस्थापक अध्यक्ष |
| (१०) | श्री जर्नादन अर्याल | आमन्त्रीत, व्यवस्थापन समिति |
| (११) | श्री दिल सुन्दर श्रेष्ठ | आमन्त्रीत, व्यवस्थापन समिति |
| (१२) | श्री कृषा दाहाल | आमन्त्रीत, चार्टर्ड एकाउण्टेण्ट |

**वैठकका प्रस्ताव तथा निर्णयहरुः**

**प्रस्ताव नं. १ कम्पनीको हाल कायम रहेको संचित मुनाफाबाट शेयरधनीलाई शेयर तथा नगद लांभाश वितरण गर्ने सम्वन्धी प्रस्ताव ।**

निर्णय नं. १ उपरोक्त प्रस्ताव माथि छलफल हुँदा कम्पनीको आ.व. २०८२/०८३ सम्मको सञ्चित मुनाफा मध्येबाट हाल कायम रहेको चुक्ता पूँजीको ५% शेयर लांभाश र ०.२६३२% नगद लाभांश (बोनश शेयरको कर प्रयोजनका लागि) वितरण गर्ने निर्णय गरियो । साथै, शेयर लाभांस वितरण गर्ने अनुमोदन/स्वीकृतिका वार्षिक साधारण सभामा प्रस्ताव लैजाने निर्णय गरियो ।

**प्रस्ताव नं. २ कम्पनीले १:१ अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने सम्वन्धमा ।**

निर्णय नं. २ उपरोक्त प्रस्ताव माथि छलफल हुँदा विन्ध्यबासिनी हाइड्रोपावर डेभेलपमेण्ट कम्पनी लि. ले कम्पनीको उद्देश्य बमोजिम समान उद्देश्य भएका अन्य कम्पनीमा लगानी गर्न पाउने हुँदा यस कम्पनी समेत शेयरधनी रहेको बलेफी इनर्जी प्रा.लि.ले निर्माण गरिरहेको ४० मे.वा. क्षमताको बलेफी खोला ज.वि.आ. लगायत अन्य सम्भावित कम्पनीहरुमा लगानी गर्न तथा दायित्व भुक्तान गर्नका लागि समेत कम्पनीको बोनश शेयर पछि हुन

BINDHYABASINI HYDROPOWER DEVELOPMENT CO. LTD. KATHMANDU NEPAL

आउने कूल चुक्ता पूँजी बराबर अर्थात् १:१ अनुपातमा हकप्रद शेयर निष्काशनको लागि साधारण सभामा प्रस्ताव लैजाने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ कम्पनीको आ.व. २०८२/०८३ को वार्षिक विवरण स्वीकृत गर्ने सम्वन्धमा ।**

निर्णय नं. ३ उपरोक्त प्रस्ताव माथि छलफल हुँदा कम्पनीमा आ.व. २०८२/८३ मा सम्पन्न भएका मुख्य प्रशासनिक, वित्तीय तथा अन्य आवश्यक विवरण सहित तयार गरिएको वार्षिक विवरण पुस्तिकामा लेखिएका विवरणका सम्वन्धमा कम्पनीका अध्यक्षले प्रस्तुत गर्नुभएको विवरण स्वीकृत गरी प्रकाशनका लागि आवश्यक कार्य सम्पादन गर्न व्यवस्थापनलाई अख्तियारी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ कम्पनीको आ.व. २०८२/०८३ को वार्षिक साधारण सभा सम्वन्धमा ।**

निर्णय नं. ४ उपरोक्त प्रस्ताव माथि छलफल हुँदा कम्पनीको वार्षिक साधारणसभा आर्थिक वर्ष सकिएको ६ महिना भित्रमा सम्पन्न गरिसक्नु पर्ने व्यवस्था भएकोले कम्पनीको आ.व. २०८२/०८३ को वार्षिक साधारण सभा गर्ने तपसील बमोजिम आयोजना गर्ने निर्णय गरियो। साथै साधारण सभाको जानकारी कम्पनीको वेवसाइट तथा राष्ट्रिय दैनिक पत्रिका सूचना प्रकाशन गर्ने निर्णय समेत गरियो ।

**तपसीलः**

**वर्षिक साधारण सभा सम्बन्धी कार्यक्रम :**

मिति : २०८३।०७।१८ गते, बुधवार ।
समय : विहान ९:०० बजे ।
स्थान : अनमोल बेन्क्वीट, खंशमूल, काठमाडौं

**वार्षिक साधारण सभाको विषय सूचि :**

**सामान्य प्रस्ताव**

(१) सञ्चालक समितिको आ.व.२०८२/०८३ को वार्षिक प्रतिवेदनमा छलफल गरी स्वीकृत गर्ने ।
(२) कम्पनीको आ.व. २०८२/०८३ को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरण छलफल गरी अनुमोदन गर्ने ।
(३) आ.व. २०८३/०८४ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र पारीश्रमिक तोक्ने ।
(४) कम्पनीको चुक्ता पूँजीको ०.२६३२% नगद लांभाश (बोनश शेयरको कर तिर्न्े प्रयोजनका लागि मात्र) वितरण गर्ने ।
(५) कम्पनीको साधारण शेयरमा परिणत हुनेगरी ऋणपत्र (Debenture) जारी गर्ने तथा सो वापतको रकम उपयोग गर्ने सम्वन्धमा।
(६) आर्थिक वर्ष २०८२/८३ मा सञ्चालक समितिबाट कम्पनीको व्यवसाय सञ्चालन, लगानी, ऋण तथा कर्पोरेट ग्यारेन्टी सम्बन्धी गरिएका निर्णय तथा कार्यहरू अनुमोदन गर्ने ।

**सभाका विशेष प्रस्तावहरुः**

(१) कम्पनीको हाल कायम रहेको चुक्ता पूँजीको ५% दरले वोनश शेयर वितरण गर्ने ।
(२) कम्पनीको कूल पूँजीको १ : १ अनुपातमा हकप्रद शेयर जारी गर्ने तथा सो वापतको रकम उपयोग गर्ने सम्वन्धमा ।
(३) कम्पनीको प्रबन्धपत्रको दफा ६ (क, ख र ग) संशोधन गर्ने ।
(४) विविध ।

**वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु**

१. वार्षिक साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका र शेयर दाखिला खारेजको कार्य मिति २०८३/०७/१० गते १ दिन बन्द रहनेछ । शेयरधनी पुस्तिका बन्द भएको अघिल्लो दिन

BINDHYABASINI HYDROPOWER DEVELOPMENT CO. LTD. KATHMANDU NEPAL

सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई कायम रहेका शेयरधनीहरु मात्र साधारण सभामा भाग लिन पाउनेछन् ।

२. वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिन बिहान ०९:०० बजे देखि सभा सञ्चालन रहेसम्म खुल्ला रहनेछ ।

३. सगठित संस्था शेयरधनी भएकोमा त्यस्तो संस्थाले प्रतिनिधि नियुक्त गरेको व्यक्ति अख्तियारीपत्र सहित उपस्थित हुनु पर्नेछ । साथै, प्राकृतिक व्यक्तिले नियुक्त गर्ने व्यक्ति कम्पनीको शेयरधनी हुनुपर्ने छ ।

४. सभामा भाग लिनको लागि प्रतिनिधि नियुक्त गर्न चाहने व्यक्तिगत शेयरधनीले कम्पनीको अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरि सभा हुनुभन्दा २४ घण्टा अगावै अर्थात मिति २०८३।०७।१६ गते अपराहन्न ५ बजे भित्र कम्पनीमा उक्त प्रतिनिधि पत्र (प्रोक्सी) यस कम्पनीको कार्यालयमा दर्ता गराई सक्नुपर्ने छ ।

५. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा सम्पूर्ण शेयर विभाजन नहुने गरि एकै व्यक्तिलाई मात्र प्रतिनिधि नियुक्त गर्नुपर्ने छ । शेयर विभाजन गरि दिइएको प्रतिनिधि पत्र स्वत: बदर हुनेछ ।

६. साधारण सभामा सहभागी हुन अनिवार्य रुपमा आफ्नो परिचय-पत्र वा हितग्राहि खाताको विवरण प्रस्तुत गर्नुपर्ने छ ।

**प्रस्ताव नं. ५ कम्पनीको साधारण सभा सम्वन्धी जानकारी सम्वन्धित निकायमा पठाउने सम्वन्धमा ।**

निर्णय नं. ५ उपरोक्त प्रस्ताव माथि छलफल हुँदा कम्पनीको आ.व. २०८२/०८३ को साधारण सभाको जानकारी सम्वन्धित निकाय तथा कार्यालयहरु समेतमा उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ६: संस्थागत जमानत Corporate Guarantee दिने सम्बन्धमा ।**

निर्णय नं. ६: उपरोक्त प्रस्ताव माथि छलफल हुँदा यस कम्पनी समेत शेयरधनी रहेको पिपुल्स इनर्जी लिमिटेडले कम्पनीको पहिलो चरणमा विकास गर्दै गरेको खिम्ती २ ज.वि.आ.को Cost Overrun भइसकेपछि आवश्यक कर्जाको लागि यस कम्पनी विन्ध्यवासिनी हाइड्रोपावर डभेलपमेण्ट कम्पनी लि.ले रु. ५० करोड रुपैयाँ को सस्थागत जमानत Corporate Guarantee दिने निर्णय गरियो । साथै सो समवन्धी आवश्यक कार्य गर्न गराउनका लागि कम्पनीका व्यवस्थापन समितिका सदस्य श्री दिल सुन्दर श्रेष्ठलाई अख्तियारी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ विविध ।**

निर्णय नं. ७ उपरोक्त प्रस्ताव माथि कुनै छलफल गरिएन । तदोपरान्त कम्पनीका अध्यक्षले आजको बैठक यहीं समाप्त भएको घोषणा गर्नुभयो ।

BINDHYABASINI HYDROPOWER DEVELOPMENT CO. LTD. KATHMANDU, NEPAL